नगरसभा निर्णय मितिः२०७९/१०/१०
प्रमाणिकरण मितिः२०७९/१०/११

# बारबर्दिया नगरपालिका उद्योग/व्यवसाय दर्ता सम्बन्धी ऐन,२०७९

प्रस्तावनाः बारबर्दिया नगरपालिका क्षेत्रभित्र रहेका उद्योग/व्यवसाय दर्ता, नबिकरण ,पूजिवृद्दी, स्थानान्त्रण , नामसारी, दर्ता खारेजी गर्न, तथा उध्योग व्यवसायको नियमन तथा अनुगमन गर्न स्थानीय व्यापारको तथ्यांक अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवर्दन तथा सहजीकरण गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिमको बारबर्दिया नगरपालिकाको नगरसभाले ऐन बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "बारबर्दिया नगरपालिका उद्योग/व्यवसाय दर्ता सम्बन्धी ऐन, २०७९" रहेको छ

२) यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) " नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "प्रमख प्रशासकीय अधिकृत." भन्नाले बारबर्दिया नगरपालिकाको प्रमख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

घ) "कार्यालय" भन्नाले बारबर्दिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ। र सो शब्दले नगरपालिकाको सम्बन्धित शाखा र मातहत रहेका वडा कार्यालयलाई समेत जनाउदछ।

ङ) "प्रमाण पत्र" उद्योग/व्यवसाय दर्ता प्रमाण पत्र वा अनुमति प्रमाण पत्र सम्झनु पर्दछ।

च) "उद्योग व्यवसाय" यस ऐन र प्रचलित कानून बमोजिम स्थापना गरीएको फम वा कम्पनी सम्झनु पर्दछ।

३. उद्योग/व्यवसाय दर्ता गरी व्यवसाय संचालत गर्नु पर्नेः

लुम्बिनी प्रदेश औधोगिक व्यवसाय ऐन २०७५ बमोजिम बारबर्दिया नगरपालिका क्षेत्राभित्र पाँच लाख रुपैया सम्म पूजी भएको उद्योग/व्यवसाय दर्ता गर्नु पर्नेछ।

४. उद्योग/व्यवसाय दर्ताको लागि दर्खास्त दिने र दर्ता गर्नेः

(१) नगरपालिका क्षेत्र भित्र दफा ३ बमोजिमको कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनूसुची-१ र उद्योग दर्ता गर्न चाहने व्यक्तिले सम्वन्धित वडा कार्यालयको सर्जमिन सिफारिस सहित आवश्यक कागजात संलग्न गरि अनुसूची २ मा उल्लेखित ढाँचाको निबेदन दर्खास्त फाराम भरिं नगरपालिकाको कार्यालयमा निबेदन दिनु पर्नेछ ।

नगर प्रमुख

Scanned with CamScanner

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले निबेदन उपर आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने कर एवं अन्य दस्तुरहरु लिई उद्योग/व्यवसाय दर्ता गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिम उद्योग/व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको उद्योग/व्यवसायको विवरण अनूसुची-४ र ५ बमोजिमको दर्ता कितावमा उल्लेख गरी निवेदकलाई अनूसुची-६ र ७ वमोजिमको ढाँचामा उद्योग/व्यवसाय दर्ता प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ । ।

**५. उद्योग/व्यवसायको नविकरण गर्नु पर्ने:** दफा ४ बमोजिम दर्ता भएको उद्योग/व्यवसाय प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र नविकरण गरी सक्नु पर्ने छ । नविकरणको लागि अनूसुची -३ को ढाँचामा निवेदन दिनु पर्दछ ।

**६. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने:** (१) दफा ४ बमोजिम दर्ता गरिएका उद्योग/व्यवसायको विवरण हेरफेर गर्नु पर्ने भएमा आवश्यक कारण र प्रमाण सहित लिखित निवेदन नगरपालिकाको कार्यालयमा दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताब र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

३) उद्योग/व्यवसाय को प्रकृति र सेवाको किसिम परिवर्तन गर्नु परेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ।

**७. साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृत लिनु पर्ने:**

१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको उद्योग/व्यवसायमा साझेदार थपघट गर्न परेमा आवश्यक कागजात संलग्न राखी कार्यालयमा निबेदन दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम निवदेन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी तोकिए बमोजिम दस्तुर लिई माग बमोजिम साझेदार थपघट गरिदिनु पर्नेछ ।

३) एक वडामा रहेको उद्योग/व्यवसाय स्वयं वडा कार्यालयको अको स्थानमा ठाँउसारी माग भएमा सम्बन्धित वडा कार्यालयले सो को व्यहोरा खुलाई कार्यालयमा सिफारिस गर्नु पर्नेछ।

४) एक वडामा रहेको उद्योग/व्यवसाय अको वडामा ठाँउसारी गर्न परेमा ठाँउसारी गर्ने वडा कार्यालयको सम्बन्धित स्थलको सर्जमिन सहितको सिफारिस र ठाँउसारी भई जाने सम्बन्धित वडा कार्यालयको सिफारिस साथ कार्यालयमा निबेदन दिनु पर्ने छ ।

५) बारबर्दिया नगरपालिकाबाट अन्य नगरपालिकामा उद्योग/व्यवसाय ठाँउसारी गर्न माग भएमा नगरपालिकाको सम्बन्धित वडाको पत्र सहित निवेदन दिनु पर्नेछ यसरी निवेदन आएमा कार्यालयमा रहेको लगतलाई आवश्यक संसोधन सहित अध्यावधिक सिफारिस गरिदिनु पर्ने छ ।

**८. कार्यालयले बिवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्न सक्ने:**

(१) कुनै उध्योग/व्यवसायको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी मांग गरिएको विवरण उद्योगी/व्यवसायीले उपलब्ध गराउन पर्नेछ।

नगर प्रमुख

२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित उद्योग/व्यवसाय स्थलको अनुगमन तथा जाँचबुझ गरि आवश्यक आवस्यक निर्देशन दिन सक्नेछ ।

३) यस ऐन बमोजिम दर्ता भएका उद्योग/व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना व्यवसायीले गर्नु पर्दछ।

९. उद्योग व्यवसाय संचालन र सूचिकरण:

(१) बारबर्दिया नगरपालिकामा उद्योग/व्यवसाय दर्ता गरिसके पछि अन्य सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा अन्य निकायबाट समेत अनुमति लिई उद्योग/व्यवसाय संचालन गर्नु पर्नेछ । प्रदेश वा संघ मातहतका कार्यालयमा दर्ता भएका उद्योग/व्यवसाय नगरपालिकामा सूचिकृत भई संचालन गर्नु पर्दछ र सुचीकृत उद्योग/व्यवसायहरुले नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको सूचीकरण दस्तुर तिर्नु पर्नेछ।

१०. उद्योग/व्यवसाय दर्ता खारेज गर्न सकिने:

(१) यस ऐन बमोजिम उद्योग/व्यवसाय दर्ता भएपछि दर्ता खारेजी नभए सम्म उद्योग/व्यवसाय चालु रहेको मानिनेछ

२) यस ऐन बमोजिम दर्ता भएको उद्योग/व्यवसाय बन्द गर्न चाहेमा मनासिव कारण खोलि वडा कार्यालयको सिफारिस सहित व्यवसायीले कार्यालयमा निवेदन दिनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षको कर रकम र उद्योग/व्यवसाय खारेजीको लागि लगतकट्टा वापत लिईने सेवा शुल्क तोकिए बमोजिम असूल गरि लगतकट्टा गरिदिनु पर्नेछ ।

४) प्रचलित कानून बिपरित कारोबार गरेमा वा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असूल गरि उद्योग/व्यवसायको दर्ता खारेज गर्नेछ ।

५) यस ऐनमा अन्यत्र जन सुकै कुरा लेखिएको भएता पनि व्यवसाय खारेज वा लगत कट्टा गर्न पूर्व उद्योगी/ व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

६) उपदफा (४) बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्बन्धित व्यवसायीको नाममा नगरपालिकामा दुई वर्ष सम्म कुनै पनि उद्योग/व्यवसाय दर्ता गरी संचालन गर्न रोक लगाउन सक्नेछ ।

११. जरिवाना तथा थप दस्तुर लाग्ने:

(१) यस ऐनमा तोकिएको समय भित्र उद्योग/व्यवसाय नबिकरण नगराएमा लाग्ने दस्तुरमा थप जरीवाना तिरि उद्योग/व्यवसाय नबिकरण गर्नु पर्नेछ ।

१२. छुट तथा थप दस्तुर लाग्ने:

(१) नगरपालिका क्षेत्रमा उद्योग/व्यवसाय दर्ता गर्न चाहनेलाई प्राथमिकता निर्धारण लक्षित निश्चित समुहलाई उध्योग दर्तामा लाग्ने शुल्क छुट दिन सक्नेछ।

नगर प्रमुख

**१३. प्रतिलिपि दिन सक्नेः** उद्योग/व्यवसाय दर्ता प्रमाण-पत्र हराएमा च्यातिएमा, नविकरण गर्ने महल खालि नभएमा वा त्यस्तै अन्यकारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जांचवझ गरी रु. दई सय प्रतिलिपि दस्तुर लिई नयां प्रतिलिपी प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**१४. उद्योग/व्यवसाय संचालन नभएको सिफारिस दिन सक्नेः** प्रचालित कानून बमोजिम दर्ता भएको उद्योग व्यवसाय संचालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निबेदन पर्न आएमा सो सम्बन्धमा कार्यालयले आवस्यक जाँचवुझ गरि व्यहोरा प्रमाणित भएमा तोकिएको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ ।

**१५. उद्योग/व्यवसाय दर्ता तथा नबिकरण नगरी संचालन गरेमा कार्वाहि हुनेः**

(१) प्रचलित कानून र यस ऐन बमोजिम दर्ता नगरी कुनै पनि उद्योग/व्यवसाय नगरपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशन दिनु पर्नेछ।

२) उपदफा (१) बमोजिम निर्देशन दिएको मितिले पन्ध्र दिन भित्र उद्योग/व्यवसाय दर्ता नगरेमा सम्वन्धित व्यवसायीलाई नगरपालिकाबाट प्रवाह हुने सबै किसिमका सेबा सुबिधाहरु वन्द गर्न सकिनेछ ।

३) उपदफा (२) बमोजिम सेवा सुबिधा वन्द गरेको तीन महिना भित्र पनि उद्योग/व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा कार्यालयले नियमानूसार लाग्ने कर,जरिवाना र अन्य दस्तुर असूलउपर गरि व्यवसाय वन्द गर्न सक्नेछ ।

**१६. दण्ड र सजाय सम्बन्धी व्यवस्थाः**

(१) यस ऐनमा लेखिएको कुराहरु वर्खिलाप हुने गरि कूनै कार्य गरेमा यस ऐनमा तोकिएको हकमा यसै ऐन वमोजिम र नतोकिएको हकमा प्रचलित कानून बमोजिम दण्ड र सजाय निर्धारण हुनेछ।

**१७. प्रतिबन्धात्मक व्यवस्थाः**

(१) प्रस्तुत ऐन कार्यान्वयनको क्रममा संघीय/प्रदेश कानून संग वाझिएमा सो हद सम्म संघिय/ प्रदेश कानूनको कार्यान्वयन गरिनेछ ।

**१८. नियम बनाउन सक्नेः** यस ऐन कार्यान्वयनको सिलसिलामा नगरकार्यपालिकाले आवश्यक नियम/कार्यविधि बनाउन सक्नेछ र सो नियम प्रस्तुत ऐनको अंग सरह लागू हुनेछ ।

**१९. अधिकार प्रत्यायोजनः** यस ऐनमा लेखिएका कूनै काम कुरा गर्ने अधिकार प्राप्त अधिकारीले आफू मातहतका कर्मचारी वा इकाइ (वडा कार्यालय समेत) मा अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**२०. खारेजी र बचाऊः** यस ऐन जारी हुनु भन्दा अगावै नगरपालिकाले बनाई लागु गरेको व्यवसाय दर्ता नविकरण कार्यविधि अनुसाय भए गरेका कार्यहरु यसै ऐन वमोजिम भए गरेको मानिनेछन र यो ऐन जारी भएपछि उक्त व्यवसाय दर्ता कार्यविधि २०७६ खरेज गरिएको छ।

नगर प्रमुख

अनूसुची-१

दफा ४ को उपदफा (१) संग सम्बन्धित

श्री प्रमख प्रशासकीय अधिकृत ज्यू
बारबर्दिया नगरपालिकाको कार्यालय

बिषयः व्यवसाय दर्ता गरी पाँउ ।

मैले /हामिले निम्न स्थानमा ........................................... व्यवसाय दर्ता गर्न इच्छुक भएकोले बारबर्दिया नगरपालिका व्यवसाय दर्ता सम्बन्धी ऐन,२०७९ को दफा ४ बमोजिम यो निवेदन दिएको छ /छौं ।

१.व्यवसायीको नाम, थरः ..............................

२. स्थायी ठेगाना .........................................

३. नागरिकता नं ...................... जारी जिल्ला.........

४. फम/कम्पनीको नाम ....................................

५. व्यवसाय रहने स्थानको ठेगाना वडा नं........ फोन नं................. इमेल............

६.व्यवसायको प्रकृति ..............................

७. कारोबार गर्ने वस्तु ...........................................

८. लगानी (रु.) ........................

९.व्यवसाय बाहालमा रहेको भए घरको घरधनीको नाम,थर.... ...............................

१०. व्यवसाय संचालन हुने मिति...............

नगर प्रमुख

निवेदक
प्रोप्राईटरको नाम
रेखा स्पष्ट देखिने गरी सही

| | |
|---|---|
| | |

Scanned with CamScanner

अनुसुची-२

दफा ४ को उपदफा (१) संग सम्बन्धित

निवेदनको व्यहोरा

श्री प्रमख प्रशासकीय अधिकृत ज्यू
बारबर्दिया नगरपालिकाको कार्यालय

निम्न लिखित विवरण बमोजिमको उद्योग स्थापना गर्न निवेदन गरेको छ /छौं। पेश गरीएको ठीक छ। झुट्टा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउला

१) उद्योगको नाम:

२) उद्योग रहने स्थान:

३) उद्योगको कानूनी रुप: निजी ( ) साझेदारी ( ) प्रा.लि. ( ) पब्लिक( )

४) उद्योगको प्रकृति: क) लघुउद्यम ( ) ख) साना उद्योग ( )

५) उद्योगबाट हुन उत्पादन/सेवाका विवरणा:

क) उत्पादनमूलक उद्योग

ख) सेवामूलक उद्योग

ग) कृषि तथा बन पैदावारमा आधारित उद्योग

घ) सूचना र्था सञ्चार प्रविधिमा आधारित उद्योग

६) पूजि लगानी:

स्थिर पूजी मूल्य

जमिन.........................रु

मेशन औजार................रु

फर्निचर: ....................रु

अन्य........................रु

जम्मा स्थिर पूजि रु

७. कच्चा प्रदार्थको विवरण:

| क्र.स. | कच्चा प्रदार्थको विवरण | वार्षिक क्षमता | मूल्य |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

नगर प्रमुख

८.मेशिन उपकरण:

| क.स. | विवरण | संख्या प्रति ईकाई | जम्मा मूल्य | विधुत शक्ति कि.वा. | श्रोत |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |

९. जनशक्तिः

| प्राविधिक | | अप्राविधिक | | अन्य | | जम्मा | |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | | |

१०) निवेदकको पूरा नाम र ठेगाना: लिङ्ग बावुको नाम पति/बाजेको नाम सम्पका नं.

१)

२)

३)

११) सम्पर्क ब्यक्तिको नाम,ठेगाना र फोन नं.

१२) उद्योगको अवस्थितिः

| |
| --- |
| |

१३. मितिः

निवेदकको सही

औठाको छाप

नगर प्रमुख

शर्तहरु:

१) प्रत्येक आ.व.को आषाढ मसान्त भित्र उद्योग/व्यवसाय नविकरण गरी सक्नु पर्नेछ ।

२) व्यवसाय गरी आएको स्थान बदल्नु परेमा नगरपालिकावाट पूर्व स्वीकृति लिनु पर्ने छ।

३) आफूले संचालन गरेको व्यवसाय वन्द गर्न पर्दा वा छाड्न परेमा वाँकी कर तिरि व्यवसाय वन्द भएको जनाउ पत्र लिनुपर्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राख्नु पर्दछ र सम्वन्धीत निकायवाट अनुगमनको क्रममा हेर्न चाहेका वखत देखाउनु पर्दछ।

५) आफुले संचालन गरेको व्यवसायमा वाल श्रमिकहरु प्रयोग गर्न पाइनेछैन ।

६) आफुले संचालन गरेको व्यवसायको फोहोरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ ।

७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा नगरपालिकाले जुनसुकै वखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय वन्द गर्न सक्नेछ ।

८) प्रचलिल कानूनको पालना गरेर उद्योग व्यवसाय संचालन गर्नु पर्नेछ।

नगर प्रमुख

Scanned with CamScanner

अनूसुची-३

दफा ५ संग सम्वन्धित

श्रीमान प्रमख प्रशासकीय अधिकृत ज्यू
बारबर्दिया नगरपालिकाको कार्यालय

विषयः उद्योग/व्यवसाय नविकरण गरी पाँउ ।

उपरोक्त सम्बन्धमा निम्न बमोजिमको उद्योग/व्यवसाय नविकरण गरि पाँउ भनि निवेदन गर्दछु।

१ फर्म/कम्पनीको नाम ........................................

२.व्यवसायीको नाम, थर ........................................

३.ठेगाना ..................................

निवेदक

नगर प्रमुख

## अनुसूची-४

### (दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका
जयनगर बर्दिया
लुम्बिनी प्रदेश नेपाल

**व्यवसाय दर्ता किताब**

व्यवसायीको नाम थर, ठेगाना, व्यवसायको प्रकृति पुँजी एकलौटी/साझेदारी

| क्र.सं. | दर्ता मिति | दर्ता नं | फर्म को नाम ठेगाना | प्रोपाईटरको नाम, ठेगाना | सम्पर्क नं. | पति/बाबुको नाम | बाजेको नाम | ना.प्र.नं. मिति र जिल्ला | फर्मको किसिम | कारोबार गर्ने मुख्य चिजको नाम | पूँजी लगानी रू | राजश्व आम्दानी | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

नगर प्रमुख

# अनुसूची-५

## (दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

## बारबर्दिया नगरपालिका
## जयनगर बर्दिया
## लुम्बिनी प्रदेश नेपाल ब्यवसाय
## उध्योग दर्ता किताब

### उद्योगको नाम थर, ठेगाना, प्रकृति पुँजी एकलौटी/साझेदारी

| क्र. सं. | उद्योग | | उद्योगको नाम, ठेगाना | प्रोपाईटर को नाम, ठेगाना | टेलिफोन नं. | उद्देश्य | उद्योगको स्तर | | उद्योगको कानूनी रुप | | उद्योगको वर्गीकरण | | | | पुँजी लगानी (रु) | | | वार्षिक कुल उत्पादन क्षमता | | रोजगारी | | विद्युत शक्ती | राजश्व आम्दानी | प्रमाणित गर्ने... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर्ता नं | मिति | | | | | साना उद्योग | लघु उद्योग | प्राइभेट फर्म | साझेदारी फर्म | उत्पादनमलक उद्योग | सेवामूलक उद्योग | कृषि तथा बन पैदावरमा आधारित उद्योग | सूचा तथा संचार प्रविधिका आधारित उद्योग | स्थिर | चालु | कुल | मुल्य रु | परिमाण | महिला | पुरुष | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |

नगर प्रमुख

अनुसूची-६

# उद्योग दर्ताको प्रमाणपत्र

प्रमाणपत्र नं

दर्ता न.

दर्ता मितिः

श्री ........................................ सम्वत ................साल ................महिना ............. गते ................

रोजमा बारबर्दिया नगरपालिका उद्योग/व्यवसाय दर्ता सम्बन्धि ऐन २०७९ बमोजिम ............... साना उद्योग

............... दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

सञ्चालकको नामः

ठेगानाः

..................... रहने ठेगानाः ....................................... किं.नं. ............... कूल पूँजी रु

................ स्थिर रु .......................चालु रु ............... उद्देश्य ..................... बार्षिक उत्पादन क्षमता

परिणाम ................. मूल्यमा रु .................. विद्युत शक्ति ...............

उत्पादन वा कारोबार शुरु हुने मिति

नोटः

सहीः..........................

पदः ........................

मितिः

शर्तहरुः

१ प्रत्येक आ.व.को असाढ मसान्तभित्र उद्योग नविकरण गरी सक्नु पर्नेछ ।

२ उद्योग गरी आएको स्थान बदल्नु परेमा नगरपालिकाबाट पुर्व स्वीकृत लिनु पर्नेछ ।

३ आफूले संचालन गरेको उद्योग बन्द गर्नु पर्दा वा छाड्नु परेमा बाँकी कर तिरी उद्योग बन्द भएको जनाउपत्र लिनु पर्नेछ ।

४ यो प्रमाणपत्र उद्योग गरेको स्थानमा सबैले देख्ने गरी राख्नु पर्दछ र सम्बन्धित निकायबाट अनुगमनको क्रममा हेर्न चाहेको बखत तुरुन्त देखाउनुपर्नेछ ।

५ आफुले संचालन गरेको उद्योगमा बाल श्रमीकहरु प्रयोग गर्न पाइने छैन ।

६ आफूले संचालन गरेको उद्योगको फोहोरमैला तोकिएको स्थानमा मात्र फाल्नुपर्नेछ ।

नगर प्रमुख

अनुसूची-७

# व्यवसाय दर्ता प्रमाण पत्र

प्रमाणपत्र नं

दर्ता न.

दर्ता मितिः

बारबर्दिया नगरपालिकाको उद्योग व्यवसाय दर्ता सम्बन्धी ऐन, २०७९ बमोजिम व्यवसाय प्रमाण-पत्र जारी गरिएको छ ।

व्यवसायीको विवरणः

नाम,थरः ..................................................

बुवा/पतिको नामः .................................................. बाजे/ससुराको नामः..................................................

नागरिकता नः .................................................. जारी जिल्ला र मितिः ..................................................

ठेगानाः .................................................. ..................................................

फोन नः .................................................. ई-मेलः..................................................

उद्योग व्यवसाय सञ्चालन गर्ने स्थानको घरधनिको नाम थर ..................................................

व्यवसायको विवरणः

| सिनं | व्यवसायको नाम | ठेगाना | सञ्चालन मिति | दर्ता मिति | उद्योग व्यवसायको किसिम | कुल पूँजी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थिर | चालु | |
| | | | | | | | | |
| | | | | | | | | |

सञ्चालकको दस्तखत | फाँटवालाको दस्तखत | प्रमाणित गर्नेको दस्तखत

शर्तहरुः

१ प्रत्येक आ.व.को अषाढ मसान्तभित्र व्यवसाय नविकरण गरी सक्नु पर्नेछ ।

२ व्यवसाय गरी आएको स्थान बदल्नु परेमा नगरपालिकाबाट पुर्व स्वीकित लिनु पर्नेछ ।

३ आफूले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्नु परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ ।

४ यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राख्नु पर्दछ र सम्बन्धित निकायबाट अनुगमनको क्रममा हेर्न चाहेको बखत तुरुन्त देखाउनुपर्नेछ ।

५ आफुले संचालन गरेको व्यवसायमा बाल श्रमीकहरु प्रयोग गर्न पाइने छैन ।

६ आफूले संचालन गरेको व्यवसायको फोहोरमैला तोकिएको स्थानमा मात्र फाल्नु पर्नेछ ।

७ उल्लेखित शर्तनामाहरु पालना नगरेमा नगरपालिकाले जुनसुकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

८ प्रचलित कानूनको पालना गरेर व्यवसाय संचालन गर्नु पर्दछ ।

नगर प्रमुख

Scanned with CamScanner

अनूसुची-८

उद्योगी/व्यवसायीले वडा कार्यालयमा दिने निवेदनको ढाँचा

श्री वडा अध्यक्ष ज्यू
...... वडा कार्यालय
बारबर्दिया नगरपालिका

निम्न लिखित विवरण बमोजिमको उद्योग/व्यवसाय स्थापना गर्नको लागि नगरपालिकामा सिफारिस गर्न निवेदन गरेको छ /छौ। पेश गरीएको ठीक छ। झुट्टा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला वुझाउला

१) उद्योग/व्यवसाय को नाम:
२) उद्योग/व्यवसाय रहने स्थान:
३) उद्योग/व्यवसाय को कानूनी रुप: निजी ( ) साझेदारी ( ) प्रा.लि. ( ) पब्लिक( )
४) उद्योग/व्यवसाय को प्रकृति: क) लघुउध्यम ( ) ख) साना उद्योग ( )
५) उद्योग/व्यवसाय बाट हुन उत्पादन/सेवाका विवरणा:
क) उत्पादनमूलक उद्योग
ख) सेवामूलक उद्योग
ग) कृषि तथा बन पैदावारमा आधारित उद्योग
घ) सूचना थर्ा सञ्चार प्रविधिमा आधारित उद्योग
६) पूजि लगानी:

स्थिर पूजी मूल्य
जमिन.........................रु
मेशन औजार................रु

फर्निचर: ...................रु

अन्य.......................रु

जम्मा स्थिर पूजि रु

७. कच्चा प्रदार्थको बिवरण:

| क्र.स. | कच्चा प्रदार्थको विवरण | बार्षिक क्षमता | मूल्य |
|---|---|---|---|
| | | | |

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

८.मेशिन उपकरणः

| क्र.स. | विवरण | संख्या प्रति ईकाई | जम्मा मूल्य | विधुत शक्ति कि.वा. | श्रोत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९. जनशक्तिः

| प्राविधिक | | अप्राविधिक | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | | |

१०) निवेदकको पूरा नाम र ठेगानाः लिङ्ग बाबुको नाम पति/बाजेको नाम सम्पका नं.

१)

२)

३)

११) सम्पर्क व्यक्तिको नाम,ठेगाना र फोन नं.

१२) उद्योग/व्यवसायको अवस्थितिः

| |
|---|
| |

१३. मितिः

नगर प्रमुख

निवेदकको सही

औठाको छाप